# सुदूरपश्चिम विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय


पत्र संख्या :
च.नं. :

मिति: २०७८/०१/०८

**विषय: अत्यन्त जरुरी सूचना ।**

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७८/०१/०८ गते बसेको वैठकले हालको विषम परिस्थितिका सम्बन्धमा निम्नानुसार निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१. विश्वव्यापी महामारीका रुपमा फैलिदै गइरहेको भेरियन्ट सहितको कोभिड-१९ को प्रभावबाट सजगता अपनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ गतेको निर्णयानुसार नेपालका विभिन्न उपमहानगरपालिका तथा नगरपालिकाहरुका शैक्षिक संस्थाहरु २०७८ वैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई वैकल्पिक माध्यमबाट पठन पाठन सञ्चालन गर्ने भनिएकोले धनगढी उपमहानगरपालिका र भीमदत्त नगरपालिका स्थित यस विश्वविद्यालयका क्याम्पस तथा विभागहरुमा हाललाई अर्को सूचना नभएसम्म भौतिक रुपमा पठन पाठनका सट्टा विश्वविद्यालयको नियमानुसार वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्ने र बाँकी स्थानका हकमा क्याम्पसको क्षमता अनुसार स्थानीय निकायहरुसंग समन्वय गरी स्वास्थ्य सुरक्षाका मापदण्डहरुको अनिवार्य पालना गर्दै भौतिक रुपमा पठन पाठन सञ्चालन गर्ने वा वैकल्पिक माध्यमबाट गराउने सम्बन्धमा निर्णय गर्न सम्बन्धित क्याम्पसलाई जिम्मेवारी दिइएकोछ ।

२. हाल सञ्चालन भइरहेका परीक्षाहरु स्वास्थ्य सुरक्षाका मापदण्ड कडाईका साथ पालना गरी कक्षाकोठमा उपयुक्त दुरी कायम गर्दै भौतिक रुपमा सञ्चालन गर्ने । परीक्षाको समय सारिणी प्रकाशित भइसकेका परीक्षाहरुको सम्बन्धमा यथाशीघ्र अर्को सूचनाद्वारा जानकारी गराइनेछ ।

३. वैकल्पिक रुपमा कक्षा सञ्चालन गर्नु पर्ने क्याम्पस/विभागहरुले ५ दिन भित्र विद्यार्थीहरुको सूची तयार गरि इमेल आइ डी समेत तयार पारि विश्वविद्यालयद्वारा प्रकाशित शैक्षिक क्यालेण्डरमा प्रतिकूल प्रभाव नपर्ने गरि मिति २०७८/०१/१४ गतेदेखि वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न गराउन हुन सूचित गरिन्छ ।

..............................
(गोविन्दबल्लभ पन्त)
प्रमुख
सामान्य प्रशासन महाशाखा


केन्द्रीय कार्यालय महेन्द्रनगर, कञ्चनपुर, फोन नं. +९७७ (९९) ५२०७२९, +९७७ (९९) ५२०७२७
Web: fwu.edu.np, Email: info@fwu.edu.np